आज मिति २०७५ साल जेठ २४ गते बिहिबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री | हरिकुमार राना | अध्यक्ष |
| २ | नगर उपप्रमुख | श्री | कमला खतिवडा आचार्य | सदस्य |
| ३ | वडाध्यक्ष | श्री | गजाधर खतिवडा | सदस्य |
| ४ | वडाध्यक्ष | श्री | रघुनाथ खनाल | सदस्य |
| ५ | वडाध्यक्ष | श्री | जीवकुमार भण्डारी | सदस्य |
| ६ | वडाध्यक्ष | श्री | दुर्गाप्रसाद दाहाल | सदस्य |
| ७ | वडाध्यक्ष | श्री | ध्यानबहादुर भारती | सदस्य |
| ८ | वडाध्यक्ष | श्री | लोकनाथ गौतम | सदस्य |
| ९ | वडाध्यक्ष | श्री | नवराम ढुङ्गाना | सदस्य |
| १० | वडाध्यक्ष | श्री | गोपीचन्द्र गौतम | सदस्य |
| | वडाध्यक्ष | श्री | पुष्पकुमार प्रसाई | सदस्य |
| १२ | वडाध्यक्ष | श्री | बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य |
| | वडाध्यक्ष | श्री | भैरवबहादुर खड्का | सदस्य |
| १४ | सदस्य | श्री | लक्ष्मी तामाङ्ग | सदस्य |
| १५ | सदस्य | श्री | हरिमाया भण्डारी | सदस्य |
| १६ | सदस्य | श्री | शकुन्तला बराल | सदस्य |
| १७ | सदस्य | श्री | दिलमाया शिवा | सदस्य |
| १८ | सदस्य | श्री | खिनमान दर्जी | सदस्य |
| १९ | सदस्य | श्री | रमेशकुमार दर्जी | सदस्य |
| २० | सदस्य | श्री | दिलिप गुरुङ्ग | सदस्य |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री | राधाकृष्ण खतिवडा | सदस्य सचिव |

आमन्त्रित

१. खरिदार -श्री सौजन कट्टवाल

२.

मिति २०७५/०२/२४ गते बसेको नगर कार्यपालिका बैठकले निम्नानुसार निर्णयहरु गरेको छ:

१.यस नगरपालिकाको विभिन्न विषयगत क्षेत्रको नीति नियम कार्यविधि लगायत विधेयकको प्रारम्भिक मस्यौदा तयार गर्न नगरस्तरीय विधेयक समितिको मातहतमा रहने गरी निम्नानुसारको विधेयक उप समिति गठन गरी आवश्यक कार्य अघि बढाउने ।

निम्न:

| | |
|---|---|
| नगर कार्यपालिका सदस्य श्री शकुन्तला बराल | –संयोजक |
| नगर सभा सदस्य श्री माधव आचार्य | –सदस्य |
| नगर सभा सदस्य श्री भोलानाथ गौतम | –सदस्य |
| नगर सभा सदस्य श्री सुशिला सुवेदी | –सदस्य |
| प्रशासकीय अधिकृत श्री डेनजनी आचार्य | –सदस्य सचिव |

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं. प्रदेश, नेपाल

२. यस नगरपालिको "अर्जुनधारा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि ,२०७५" स्वीकृत गरी लागू गर्ने ।

३.यस नगरपालिकाको चालु आर्थिक वर्षको पशु सेवा तर्फको स्वीकृत कार्यक्रम बजार प्रवर्द्धन कार्यक्रम (मासु पसल सुधार तथा व्यवस्थापन)मा विनियोजित रकम रु ९ लाख वडा नं.७ स्थित गोसहट्टीमा सञ्चालन गर्ने ।

४.सशस्त्र प्रहरी बल शनिश्चरे व्यारेकका लागि सो व्यारेकको कार्य सञ्चालनका लागि आर्थिक सहयोग माग भई आएकाले सो वापत रु ६० हजार मात्र उपलब्ध गराउने ।

५. यस नगरपालिकाको लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको प्रयोगका लागि २ वटा हलुका सवारी साधन अति आवश्यक देखिएकाले सोको खरिदका लागि आवश्यक प्रक्रिया अघि बढाउन सूचना प्रकासन गर्ने ।

६.मिति २०७५/०२/१० को नगर कार्यपालिका बैठकको निर्णयानुसार नि.नं.४.१८ मा उल्लेखित कार्यक्रमलाई अमलडाँगी चर्च छेउको अधुरो कल्भर्टलाई पूर्णता दिने गरी कार्यक्रम संशोधन गर्ने ।

७.यस नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट सञ्चालन भईरहेको अधुरा निम्न आयोजनाहरु पूर्ण नगरेमा क्षति हुन सक्ने सम्भावना रहेकाले क्रमागत बहुवर्षिया आयोजनाका रुपमा सञ्चालन गर्ने :

निम्न:

| क्र.सं | आयोजनाको विवरण | ठेगाना | रकम (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | धनसिंह बाँध निर्माण तथा मर्मत | अर्जुनधारा -९ | २५ लाख | आगामी आ.व.मा रु १० लाख भुक्तानी हुने गरी ।) |
| २ | हात्तिकिल्ले खोल्सीमा स्लाब कल्भर्ट निर्माण | अर्जुनधारा -८ | ४ लाख | आगामी आ.व. मा भुक्तानी हुने गरी । |
| ३ | फुलमति खोलामा कल्भर्ट निर्माण | अर्जुनधारा-८ | ४ लाख | आगामी आ.व. मा भुक्तानी हुने गरी । |
| ४ | कैलासघाट पश्चिम नदि नियन्त्रण | अर्जुनधारा-५ | १० लाख | आगमी आ व मा ७ लाख ५० हजार भुक्तानी हुने गरी |
| ५ | खुदुनाबारी अर्जुनधारा खानेपानी शाखा लाइन विस्तार | अर्जुनधारा १ | २ लाख ३० हजार | आगामी आ व मा १ लाख ३० हजार पाउने गरी (मिति २०७४/०२/१० को नि.नं. ४.१ को कार्यक्रम संशोधन ) |

नगर प्रमुख